Helping Hand™ *Health Education for Patients and Families*

# घरमा धारिला कन्टेनरहरू

## Sharps Containers at Home (Nepali)

‘धारिलो वस्तु’ कसैलाई काट्न वा घोच्न सक्ने कुनै पनि चिकित्सकीय यन्त्र हो। यो सामान्यतया औषधि दिनका लागि प्रयोग गरिने सुई हो। तपाईंको बच्चाले घरमा धारिला वस्तुहरू प्रयोग गर्न सक्नु हुने धेरै कारण हुन सक्छन्। धारिला वस्तुहरू सुरक्षित तरिकाले कसरी फाल्ने (डिस्पोज गर्ने) भनी जान्न एकदमै महत्त्वपूर्ण हुन्छ। धारिला वस्तुहरू तत्कालै फालेर, तपाईं आफू, आफ्नो बच्चा र तपाईंको घरमा भएका कोही पनि व्यक्तिलाई सुरक्षित राख्नुभएको छ।

### धारिला वस्तुहरूको प्रकार

- सुई भएको चिकित्सकीय सिरिन्ज (तस्बिर 1)
- ल्यान्सेट (औंला घोच्नका लागि)
- पेन निडल्स (इन्सुलिनका लागि)
- सुईहरू (एपिफ्रेन “एपि” पेनका लागि) भएको अटो-इन्जेक्टरहरू




**तस्विर 1** सुई भएको चिकित्सकीय सिरिन्ज


©2017, संशोधित 2025, Nationwide Children’s Hospital
क्रमश…

## कन्टेनरहरूका प्रकार

| | |
|---|---|
| <br>मेडिकलले जारी गरेको धारिलो कन्टेनर | <br>हेभी-ड्युटी प्लास्टिक लन्ड्री डिटर्जेन्ट बोतल |

## तपाईंको आफ्नै कन्टेनर बनाउने

- तपाईंसँग मेडिकलले जारी गरेको धारिलो कन्टेनर छैन भने, **हेभी-ड्युटी प्लास्टिककले** बनेको कन्टेनर प्रयोग गर्नुहोस्। लन्ड्री डिटर्जेन्ट वा सफ्टनर बोतलले अझ राम्रोसँग काम गर्छ।
  - यसलाई स्क्रू-अन बिर्कोले सुरक्षित रूपमा बन्द गर्नुपर्छ। सुई ढक्कन मार्फत पोक गर्न सक्नु हुँदैन।
  - कन्टेनर लिक-प्रुफ हुनुपर्छ।
  - यो अडिन सक्षम भएको र नखस्ने हुनुपर्छ।
- 2-लिटर सोडाको बोतल, सिसाको कन्टेनर वा सोडाका क्यानहरू जस्ता दूधका कन्टेनर, पानीको बोतल, सादा प्लास्टिकका कन्टेनरहरू प्रयोग **नगर्नुहोस्**।

## तपाईंको कन्टेनर प्रयोग गर्ने

- सुई वा सिरिन्जको अन्तिमको धारिलो भाग सुरुमा कन्टेनरमा जाने र कन्टेनरको माथिको बाहिरी भागमा नटाँसिने सुनिश्चित गर्नुहोस्।
- आफ्नो हातलाई **कहिल्यै पनि** धारिलो कन्टेनरमा नहाल्नुहोस्।
- सबै सिरिन्ज, सुई र धारिला कन्टेनरहरू बालबालिकाको पहुँच र तिनीहरूलाई दुरुपयोग गर्ने अन्य कोही पनि व्यक्तिहरूबाट टाढा राख्नुहोस्।
- यात्रा गर्दाखेरि आफ्नो धारिलो कन्टेनर आफैँसँग लैजानुहोस्।

## तपाईंको कन्टेनर फाल्ने

- तपाईंले घरेलु कन्टेनर प्रयोग गर्दै हुनुहुन्छ भने, कन्टेनर ¾ भन्दा पूरा नहुने गरी बिर्कोलाई बन्द गर्नुहोस् र डक्ट टेप लगाउनुहोस्।
- कन्टेनरमा **"धारिलो वस्तुहरू - पुनःप्रयोग नगर्नुहोस्"** लेख्नुहोस्।
- कन्टेनरलाई भरिएको फोहोर झोलाको बिच भागमा राख्नुहोस्। **कन्टेनरलाई** रिसाइक्लिङ्गमा नराख्नुहोस्।
- **ओहायो राज्यमा**, तपाईंलाई नियमित ड्र्यास उठाउनका लागि धारिलो कन्टेनर भएको ड्र्यास हाल्ने झोला बाहिर राख्न अनुमति छ।
- तपाईं धारिला वस्तुहरू डिस्पोजल कार्यक्रम भएको राज्यमा बस्नुहुन्छ भने, सिल गरिएको र चिन्ह लगाइएको कन्टेनरलाई सही डिस्पोजल सेन्टरमा लैजानुहोस्।

तपाईंको राज्यमा, सुरक्षित रूपमा धारिला वस्तुहरू डिस्पोजल गर्नेबारे थप जानकारीका लागि, www.fda.gov/safesharpsdisposal मा FDA को वेबसाइटमा जानुहोस्।

## धारिला वस्तुहरूको सुरक्षा

- धारिला वस्तुहरू घरेलु ड्र्यासमा खुल्ला रूपमा कहिल्यै पनि नफाल्नुहोस्। सधैँ धारिला वस्तुहरू फाल्ने कन्टेनरमा फाल्नुहोस्।
- आफ्नो कन्टेनरलाई पूरै भरिन नदिनुहोस्।
- सुई, सिरिन्ज वा ल्यान्सेटहरू एक पटक प्रयोग गर्ने वस्तुहरू हुन्। तिनीहरूलाई एक पटक प्रयोग गरिसकेपछि धारिला वस्तुहरू फाल्ने कन्टेनरमा फाल्नुहोस्।
- सुईमा क्याप फेरि नलगाउनुहोस्।
- सुईलाई नछुनुहोस्।
- सुईलाई नबङ्ग्याउनुहोस् वा नभाँच्नुहोस्।
- सुईलाई सिरिन्जबाट ननिकाल्नुहोस्।
- सुईमा क्याप फेरि राख्ने प्रयास नगर्नुहोस् (तस्विर 1, पृष्ठ 1)।

## चिकित्सकलाई कुन बेलामा कल गर्ने

कोही पनि व्यक्तिलाई पहिले नै प्रयोग गरिएको सुईले घोच्यो भने, तत्कालै आफ्नो चिकित्सक वा स्वास्थ्य सेवा प्रदायकलाई कल गर्नुहोस्। उहाँहरूले तपाईंलाई उपचार आवश्यक पर्छ कि पर्दैन भनी भन्नु हुने छ।